**काठमाडौँ महानगरपालिका .........नं. वडा कार्यालय र .......................................................बैक बीचमा**
**सामाजिक सुरक्षा भत्ता सम्बन्धि सम्झौता पत्र**

सबै सामाजिक सुरक्षा भत्ता बैँक खाता मार्फत उपलब्ध गराउने नेपाल सरकारको नीति बमोजिम काठमाडौँ महानगरपालिका वडा कार्यालय (यस पछि का.म.पा. ........... वडा कार्यालय भनिने) र श्री ........................................बैँक..........................................(यस पछि बैँक भनिने) बीच **........** वडाको सामाजिक सुरक्षा भत्ता बैंकिङ् प्रणाली मार्फत वितरण गर्ने प्रयोजनको लागि निम्न शर्तहरूको अधीनमा रही सम्झौता पत्रमा हस्ताक्षर गरी लियौँ र दियौँ ।

**शर्तहरू**

१. का.म.पा. ...........नं. वडाले सामाजिक सुरक्षा भत्ता पाउने लक्षित समूह अनुसार लाभग्राहीहरूको नाम, नागरीकता प्रमाण पत्र नं., सामाजिक सुरक्षा भत्ता परिचय पत्र नं. (एम आइ एस बाट आउने १३ अङ्कको सामाजिक सुरक्षा परिचयपत्र नं., ठेगाना, निजले चौमासिक पाउने रकम समेतको पूर्ण विवरण MIS प्रणालीमा आधारित विद्युतीय माध्यमबाट (Forward Feed) बैँकलाई उपलब्ध गराउनेछ ।

२. बैँकले का.म.पा. ........... नं. वडाबाट प्राप्त विवरण बमोजिम लाभग्राहीको नाममा शून्य मौज्दातमा सामाजिक सुरक्षा बचत खाता खोल्नेछ । यसरी खाता खोल्दा लाभग्राहीको सामाजिक सुरक्षा भत्ता कारोबारको विवरण देखिन सक्ने गरि १३ अंङ्कको सामाजिक सुरक्षा परिचयपत्र नम्बर बैंक तथा वित्तीय संस्थाको मुख्य कारोबार गर्ने प्रणालीमा अनिवार्य सेभ गर्ने व्यवस्था गर्नु पर्नेछ ।

३. पाँच वर्ष मुनिका बालबालिकाको हकमा आमा वा संरक्षकबाट खाता सञ्चालन हुने गरी बचत खाता खोलिदिने र आमा वा संरक्षकको दस्तखतबाट खाता सञ्चालन गर्नेछ ।

४. बैँकले लाभग्राहीको खाता खोलीसकेपछि लाभग्राहीको नाम र खाता नं. सहितको विवरण विद्युतीय माध्यमबाट का.म.पा. ........... नं. वडालाई उपलब्ध गराउनेछ ।

५. का.म.पा. ........... नं. वडाले प्रत्येक लाभग्राहीको विवरण Forward Feed मार्फत नाम, लक्षित समूह र पाउने रकम खुलाई एकमुष्ट रकमको चेक हरेक चौमासिकमा बैँकलाई उपलब्ध गराउनेछ ।

६. का.म.पा. ........... नं. वडाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैँकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण (Reverse Feed) सहित बाँकी रकम भए सो समेत का.म.पा. ........... वडालाई उपलब्ध गराउनेछ ।

७. तथ्याङ्क आदान प्रदान गर्दा सुरक्षित API, Forward Feed/Reverse Feed जस्ता विद्युतीय माध्यमबाट मात्र गरिनेछ ।

८. कुनै लाभग्राहीको लगत कट्टा भएमा लगत कट्टा भएको मिति र पाउने रकम समेतको जानकारी का.म.पा. ........... नं. वडाले तत्काल प्रणाली मार्फत बैँकलाई उपलब्ध गराउनेछ । सो जानकारी प्राप्त भएपछि बैँकले लगत कट्टा भएको लाभग्राहीको खातामा उक्त मिति पछिको रकम जम्मा नगरी का.म.पा. ........... नं. वडामा फिर्ता पठाउनेछ ।

९. बैँकले निष्कृय (Dormat) खाताको विवरण प्रत्येक श्रावण र माघ महिना भित्र का.म.पा. ........... नं. वडालाई दिनुपर्नेछ ।

१०. बैँकले प्रत्येक चौमासिकमा प्रत्येक खातावालको उक्त खाताको कारोवार झल्कने प्रतिवेदन का.म.पा. ........... नं. वडालाई दिनेछ । उक्त खातामा जम्मा रहेको रकम मध्ये केही वा सबै रकम रोक्का राख्न वा फिर्ता गर्न का.म.पा. ........... नं. वडाबाट लेखी आएमा बैँकले सोही बमोजिम रोक्का वा फिर्ता गर्नेछ ।

११. ९० बर्ष वा सो भन्दा बढी उमेरका जेष्ठ नागरिक र रातो कार्ड (क बर्गको) प्राप्त गरेका पूर्ण अपाङ्गता भएका लाभग्राही, अति असक्तता भएको प्रमाणीत भएका लाभग्राहीहरूको हकमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैंक र का.म.पा. ........... नं. वडाको समन्वयमा सेवाग्राहीको घरदैलोबाट सामजिक सुरक्षा भत्ता वितरण व्यवस्था मिलाई बैंक मार्फत हिसाव मिलान गरिनेछ ।

१२. दुबै पक्षको सहमतिबाट लाभग्राहीहरूलाई सहज ढङ्गबाट रकम उपलब्ध गराउन थप प्रयासहरू गरीनेछ ।

१३. यो सम्झौता कम्तिमा तिन आर्थिक बर्षको लागि लागु हुनेछ । यो सम्झौताको समयावधि आपसी समझदारीमा थप गर्न सकिनेछ ।

१४. यस सम्झौतामा लेखिएका कुराहरु सोही बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| | |
|---|---|
| ............................................. | ......................................... |
| **काठमाडौँ महानगरपालिका** | **बैँक तथा वित्तीय संस्थाको तर्फबाट** |
| **.........** नं. **वडा कार्यालयको तर्फबाट** | |